Govt. Regd. 71890/066-67

SMART Pvt. Ltd.

Ref.: 060/076-77

*स्मार्ट प्राइभेट लिमिटेड*

मिति : २०७६।०५।२२

**विषयः सार्वजनिक खरिद विषयक तालिममा प्रशिक्षार्थी मनोनयन सम्बन्धमा ।**

श्रीमान्

संगठनात्मक व्यवस्थापन, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद, राजस्व, वित्तीय प्रशासन जस्ता व्यवस्थापनका आधारभूत आयाम तथा विषयगत क्षेत्रमा सैद्धान्तिक ज्ञान तथा व्यवहारिक अभ्यासका अतिरिक्त ती विषयहरुमा विकशित भएका नवीनतम उपाय र राष्ट्रिय आवश्यकताहरु बारे तहाँ कार्यालयका उच्च-व्यवस्थापन, प्रबन्धकीय-तह तथा कार्य-संचालनस्तरका जिम्मेवार पदाधिकारीहरु तथा कर्मचारीहरुलाई तालिम, कार्यशाला, गोष्ठी तथा अन्तरकृयामा सहभागी गराउदैं आएका छौं । तालिमको माध्यमबाट ज्ञान, सीप, प्रवृत्ति र कार्य व्यवहारमा आउने परिवर्तनबाट कर्मचारीको कुशलता तथा क्षमता विकास गर्न यो संस्था तयार रहेको व्यहोरा अनुरोध गर्दछौं । यस तालिमबाट उपलब्ध हुने सूचकले सार्वजनिक निकाय र तहाँ कार्यरत कर्मचारी बीचको सम्बन्धलाई नजिकमा ल्याउनेछ भन्ने अपेक्षा समेत राखेका छौं । तालिममा सहभागी कर्मचारीहरुलाई कार्यालयका विषयवस्तुसँग associated thinking तर्फ अगाडि बढाउन समेत मद्दत गरी आफुमा भएको ज्ञान र कौशलतालाई अझ स्तरोन्नति (update concurrently) को लागि टेवा दिन्छ । हालै यस संस्थाको व्यवस्थापकीय सहयोगबाट FIDIC द्वारा संचालन गरिएको FIDIC Module 1 & 2 सम्बन्धी तालिम सफलतापुर्वक सम्पन्न भएको व्यहोरा समेत जानकारी गराउदछौं ।

तालिमको माध्यमबाट उच्च व्यवस्थापन, प्रबन्धकीय तह तथा कार्यसंचालन स्तरका पदाधिकारीहरुमा हालको अवस्थामा थप सकारात्मक परिवर्तन ल्याउन समेत प्रयासरत छौं । साथै, प्रशिक्षणको माध्यमबाट कर्मचारीको कार्यशैलीमा कार्यालयको कार्यविधि तथा कार्यप्रणालीको पालना गरी कर्मचारीहरु कार्यमुखी (performance-oriented) बनाउन समेत यस तालिमले मद्दत पुऱ्याउनेछ

यसै सन्दर्भमा, सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ मा उल्लेख भएका प्रावधानहरु र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका पछिल्ला संशोधनहरु समेतलाई सम्बोधन गर्ने गरी यो तालिम संचालन गर्न लागेका छौं । सार्वजनिक खरिद सम्बन्धी विषयमा यस संस्थाबाट गत विगत वर्षदेखि हालसम्म ३३ वटा तालिम संचालन भइसकेका छन् । यो संस्थाबाट तीन-दिने “सार्वजनिक खरिद व्यवस्थापन” सम्बन्धी तालिममा तहाँ र अन्तर्गत निकायहरुबाट पदाधिकारी तथा कर्मचारीहरुलाई सहभागीको रुपमा मनोनयन गरि पठाइ दिनु हुन अपेक्षा गरेका छौं ।

*तालिम कार्यक्रमका तालिका यसैसाथ संलग्न छ ।*

प्रशिक्षण कार्यक्रमको विवरण

१. **शिक्षण शीर्षक :** सार्वजनिक खरिद व्यवस्थापन तालिम (Public Procurement Management Training)
२. **प्रशिक्षणको उद्देश्य :** सार्वजनिक खरिद कार्यमा आवद्ध पदाधिकारीहरुको कार्यशैली र कार्य क्षमता अभिवृद्धि गर्ने ।
३. **प्रशिक्षार्थी :** व्यवस्थापन, खरिद इकाई, योजना, प्रविधिक पक्ष आर्थिक प्रशासन, आन्तरिक लेखापरिक्षण, लजिस्टिक, भण्डारण, अनुगमन आदि क्षेत्रसंग सम्बन्धित कर्मचारी तथा पदाधिकारी ।
४. **स्रोत व्यक्ति :** सम्बन्धित क्षेत्रमा कार्यरत रही अनुभवी, योग्य तथा विज्ञ प्रशिक्षकहरु ।
५. **स्थान :** भक्तपुर गेष्ट हाउस, चुनदेवी, भक्तपुर
६. **मिति :** २०७६ भाद्र २, ३ र ४ गते (२ गते १ बजेदेखि ४ गते ३ बजेसम्म- आवासीय)
७. **तालिम शुल्क :** प्रति व्यक्ति रु. १८,५००।- (मु.अ. कर बाहेक) ।
८. **मनोनयनको जानकारी आइ पुग्नु पर्नेः** २०७६ भाद्र ३० गतेसम्म ।

..........................
अर्जुन चालिसे
प्रबन्ध निर्देशक

Anamnagar, Kathmandu, ☎ 5705189 / 9851202141, E-mail: smartpvt@outlook.com, Website: www.smart.info.np